आज मिति २०८२/५/१६ गते यस लिम्चुङबुङ गाउँपालिकाको उपाध्यक्ष श्री पुष्पलाल राई ज्यूको अध्यक्षतामा आ.व. ०८२/०८३ को चौथो कार्यपालिका वैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री सन्देश राई (प्र.प्र.अ.) | सदस्य सचिव | |
| १५ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| आमन्त्रीतहरु | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाराहा, उदयपुर कोशी प्रदेश, नेपाल

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) का (ज) बमोजिम प्रमाणित गरिएको ।

**प्रस्तावहरुः**

१. विज्ञापन प्रकाशन सम्बन्धमा ।
२. कृषि विकास अधिकृत सम्बन्धमा ।
३. सेवाबाट हटाउने सम्बन्धमा ।
४. वालमैत्री वडा घोषणा अनुमती दिने सम्बन्धमा ।
५. वालमैत्री वडा घोषणा गर्ने सम्बन्धमा ।
६. वालस्थानीय शासन समिति गठन गर्ने सम्बन्धमा ।
७. वालकल्याण अधिकारी तोक्ने सम्बन्धमा ।
८. वाल मनोविमर्शकर्ता तोक्ने सम्बन्धमा ।
९. स्तनपान कक्ष स्थापना गर्ने सम्बन्धमा ।
१०. वातावरण तथा सुरक्षा सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।
११. विविध सम्बन्धमा ।
   a. लागत अनुमान तयार गर्ने सम्बन्धमा ।
   b. कार्यवपालिका वैठक बन्द गर्ने सम्बन्धमा ।

सन्देश राई
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ग) बमोजिम प्रमाणित गरिएको ।

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वराहा, उदयपुर
कोशी प्रदेश, नेपाल

निर्णयहरुः

१. यस लिम्चुङबुङ गाउँपालिकामा अपाङ्गता पुनःस्थापना कार्यक्रम अन्तर्गत सिविआर सहजकर्ता पदमा कार्यरत कर्मचारी श्री भिम कुमारी सुगरपाकले आफ्नो व्यक्तिगत कारण देखाई पदबाट राजिनामा पेश गरी राजिनामा समेत स्वीकृत भईसकेको हुँदा निजको स्थानमा पद रिक्त रहेको हुँदा १५ दिनको म्याद राखि विज्ञापन प्रकाशन गरी पुन करार सेवामा नियुक्ति गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

२. यस लिम्चुङबुङ गाउँपालिकामा प्रदेश लोकसेवा आयोग कोशी प्रदेशले कृषि प्रसार अधिकृत, स्थानीय कृषि, कृषि प्रसार अधिकृतस्तर सातौं तहमा स्थायी नियुक्तिको लागि श्री पुनम पोखेललाई सिफारिस गरेको साथै यस कार्यालयमा कृषि विकास अधिकृत पदमा कार्यरत कर्मचारीको लागि कृषि विकास तथा पशुपन्छी विकास मन्त्रालयबाट कृषि स्नातक करार सेवा शिर्षकमा गत आ.व. हरुमा तलव भत्ता पठाउने गरेको भएता पनि यो आ.व. मा नपठाएको र गाउँपालिकासंग अन्य आवश्यक स्रोत नभएको हुँदा कृषि विकास अधिकृत पदमा कार्यरत कर्मचारी श्री अविन कुमार चौधरीलाई हालसम्म गर्नु भएको सेवाको लागि धन्यवाद दिंदै मित २०८२/६/१ गते देखि लागु हुने गरी सेवाबाट हटाउने भनि सर्वसम्मत निर्णय गरियो ।

३. यस लिम्चुङबुङ गाउँपालिकाको वडा नं २ ताम्लिछामा रहेको स्वास्थ्यचौकी ताम्लिछामा अ.हे.व. पदमा कार्यरत कर्मचारी श्री रुपक तामाङ मिति २०८२/३/२२ गते देखि हाल सम्म कार्यालयमा विना जानकारी उपस्थित नभएको र बारम्बार फोन सम्पर्क गर्दा समेत सम्पर्कमा नआएको हुँदा उक्त स्वास्थ्यचौकीको जानकारी तथा हाजिरी प्रमाणित साथै स्वास्थ्य शाखाको राय बमोजिम करार सम्झौताको शर्त नं ६ उलंघन गरेको हुँदा निजलाई मिति २०८२/४/१ गते देखि लागु हुने गरी सेवाबाट हटाउने भनि सर्वसम्मत निर्णय गरियो ।

४. यस लिम्चुङबुङ गाउँपालिका वडा नं ५ जाँतेलाई वालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र वालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम गर्ने पर्ने सबै सूचकहरुको कार्य सम्पन्न भएको हुँदा सो वडालाई वालमैत्री वडा घोषणा गर्नको लागि अनुमति दिने भनि सर्वसम्मत निर्णय गरियो ।

५. यस लिम्चुङबुङ गाउँपालिकाको वडा नं ५ जाँतेलाई वालमैत्री वडा घोषना गर्नको लागी आवश्यक पर्ने कार्य सूचकहरु सबै सम्पन्न भईसकेको हुँदा सो वडालाई मिति २०८२ साल मंसिर ४ गते वालमैत्री वडा घोषणा गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

६. यस लिम्चुङबुङ गाउँपालिकालाई वालमैत्री स्थानीय शासन सञ्चालन गर्नको लागी तपसिल बमोजिम वालमैत्री स्थानीय शासन समिति गठन गर्ने भनि सर्वसम्त निर्णय गरियो ।

तपसिल:

| सि.नं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष |
| ३ | श्री सन्देश राई (प्र.प्र.अधिकृत) | सदस्य |
| ४ | श्री जनदिप थापा मगर (१ नं वडा अध्यक्ष) | सदस्य |
| ५ | श्री जितेन्द्र राई (२ नं वडा अध्यक्ष) | सदस्य |
| ६ | श्री गुरुमणी कुमाई (३ नं वडा अध्यक्ष) | सदस्य |
| ७ | श्री छत्र बहादुर राई (४ नं वडा अध्यक्ष) | सदस्य |
| ८ | श्री कविचन्द्र राई (५ नं वडा अध्यक्ष) | सदस्य |
| ९ | श्री अन्जु राई (कार्यपालिका सदस्य) | सदस्य |
| १० | श्री जमुना कुमारी कार्की (कार्यपालिका सदस्य) | सदस्य |
| ११ | श्री पृथी रसाईली (कार्यपालिका सदस्य) | सदस्य |
| १२ | श्री जयराम राई (कार्यपालिका सदस्य) | सदस्य |
| १३ | श्री दुतमाया मगर (कार्यपालिका सदस्य) | सदस्य |
| १४ | श्री गणेश राई (कार्यपालिका सदस्य) | सदस्य |
| १५ | श्री कर्णशेर राई (स्वास्थ्य शाखा प्रमुख) | सदस्य |
| १६ | श्री गोबिन्द कार्की (शिक्षा शाखा प्रमुख) | सदस्य |
| १७ | श्री सुशीला सुब्बा (वालवालिका शाखा प्रमुख) | सदस्य |
| १८ | जाल्पा एकिकृत विकास समाज र हुरेन्डेक नेपाल (१/१) | सदस्य |
| १९ | श्री दिनेश खत्री (वि.व्य.स. सदस्य श्री महेन्द्र मा.वि. बाराहा) | सदस्य |
| २० | श्री रन्जना राई (स्वा.व्य.समिति स्वास्थ्यचौकी ताम्लिछा) | सदस्य |
| २१ | श्री लिला कुमारी राई (शिक्षिका) | सदस्य |
| २२ | श्री अप्सरा खत्री (स्वा.स्वंसेविका बाराहा) | सदस्य |
| २३ | श्री अस्मिता राई (वाल क्लव/वाल सञ्जाल समिति) | सदस्य |
| २४ | श्री देव कुमारी कार्की (महिला सञ्जाल) | सदस्य |
| २५ | (ई.प्र.का. प्रमुख) | सदस्य |
| २६ | श्री गोबिन्द कार्की (सामाजिक विकास शाखा) | सदस्य सचिव |

७. यस लिम्चुङबुङ गाउँपालिकामा वालमैत्री स्थानीय शासन सञ्चालन गर्नको लागी श्री सुशीला सुब्बालाई वाल कल्याण अधिकारीको रुपमा जिम्मेवारी दिने भनि सर्वसम्मत निर्णय गरियो ।

लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाराहा, उदयपुर कोशी प्रदेश, नेपाल
सन्देश राई प्रमुख प्रशासकीय अधिकृत
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ग) बमोजिम प्रमाणित गरिएको

८. यस लिम्चुङबुङ गाउँपालिकामा वालमैत्री स्थानीय शासन सञ्चालन गर्नको लागी श्री तारा राईलाई वाल मनोविमर्श कर्ताको रुपमा जिम्मेवारी दिने भनि सर्वसम्मत निर्णय गरियो ।

९. यस लिम्चुङबुङ गाउँपालिकामा तथा सवै वडाहरुमा स्तपनपान कक्ष अनिवार्य स्थापना गर्ने भनि सर्वसम्मत निर्णय गतियो ।

१०. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/५८ गतेको च.नं ३५ सहितको पत्रानुसार यस लिम्चुङबुङ गाउँपालिकामा श्री गोबिन्द कार्कीलाई वातावरण तथा सुरक्षा सम्पर्क व्यक्ति तोक्ने भनि सर्वसम्मत निर्णय गरियो ।

११. यस प्रस्ताव माथि तपसिल बमोजिम निर्णय गरियो ।

a. यस लिम्चुङबुङ गाउँपालिका वडा नं २ ठाँटीटार देखि वडा नं १ को कुनाही सम्म सडक निर्माण तथा मर्मत गर्नको लागी प्राविधिक शाखाबाट लागत अनुमान तयारी गर्नको लागि प्राविधिक शाखालाई जिम्मेवारी दिने भनि सर्वसम्तम निर्णय गरियो ।

b. आजको कार्यपालिका वैठकमा थप निर्णय गर्नु पर्ने प्रस्तावहरु नभएको हुँदा आजको वैठक बन्द गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

सन्देश राई
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
कोशी प्रदेश, नेपाल